हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेड (यस पछि "कम्पनी" भनिएको) नेपालमा स्थापित सिमित दायित्व भएको कम्पनी हो । यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौमा रहेको छ । यो कम्पनी नेपाल धितोपत्र विनिमय वजार लिमिटेडमा सूचिकृत छ । यो कम्पनी नेपालमा निर्जिवन विमकको रुपमा कार्यरत छ ।

आर्थिक वर्ष २०६७ साल श्रावण १ गते देखि २०६८ साल आषाढ ३२ गतेसम्मको संलग्न वित्तिय विवरणहरु यस कम्पनीको संचालक समितिको मिति २०६८ साल पौष महिना १८ गतेको बैठकवाट पारित भएकोमा वीमा समितिको निर्देशन वमोजिम पुनः २०६८ साल चैत्र २९ गते संशोधन सहित पारित गरिएको छ ।

## (ख) वितिय विवरणहरु तयार गर्दा आधार मानिएका लेखा नीतिहरु तल उल्लेख गरिएका छन् । अन्यथा लेखिएकोमा बाहेक यी नीतिहरुको पालना निरन्तर रुपमा गरिएको छ ।

### १. बित्तीय विवरण तयारीका आधारहरू

हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेडको बित्तिय विवरणहरु नेपाली रुपैयाँमा प्रस्तुत गरिएको छ । यी विवरणहरु ऐतिहासिक मुल्य अवधारणाको आधारमा स्पष्ट रुपमा अन्यथा उल्लेख गरेकोमा बाहेक प्रोदभावी (Accrual) आधारमा लेखांकन गरी बीमा ऐन एवं नियमावली २०४९, बीमा समितिको निर्देशन, कम्पनी ऐन २०६३, नेपाल लेखामान तथा अन्य प्रचलित लेखामान, तथा सामान्यतः मान्य लेखाका सिद्धान्तहरुको अधिनमा रहि तयार गरिएका छन् ।

### २. स्थिर सम्पत्ति लेखाङ्कन नीति

स्थिर सम्पत्तिलाई सो को परल मूल्यमा संचित ह्रास कट्टा गरी देखाइएको छ। परल मूल्य निर्धारण गर्दा खरिद मूल्य तथा सो खरिदसंग लागेका सम्बन्धित प्रत्यक्ष खर्चहरु जोडी गरिएको छ ।

### ३. ह्रासकट्टी नीति

स्थिर सम्पत्तिहरुको ह्रास कट्टी आयकर ऐन, २०५८ अनुसार सवारी साधन, कार्यालय सामान (फर्निचर तथा फिक्स्चर्स, कम्प्यूटर तथा सूचना प्रविधी उपकरण) र भवनको कमशः २०, २५ र ५ प्रतिशतका दरले घट्दो ह्रास प्रणालीको आधारमा लेखाङ्कन गरिएको छ । सफ्टवेर सम्पत्तिमा भएको खर्चलाई ५ बर्षमा अपलेखन गर्नेगरी ह्रास कट्टी गरिएको छ ।

### ४. पूंजीकृत नगरिने सम्पत्तिहरू सम्बन्धी लेखाङ्कन नीति

रु. ५,००० सम्मका सामानहरुलाई पूंजीकृत नगरि खर्च लेख्ने गरिएको छ ।

### ५. आयकर व्यवस्था नीति

आयकर ऐन, २०५८ को अधिनमा रहि आयकर व्यवस्था गरिएको छ ।

कर योग्य आय तथा लेखामा देखिने आयको समय अन्तरालबाट हुने भिन्नतालाई स्थगन कर (Deferred Tax) मानी सोको ब्यवस्था गरिएको छ । स्थगन कर सम्पत्ति (Deferred Tax Assets) पछि आर्जन हुने कर योग्य आयबाट उठ्न सक्ने प्रबल सम्भावना तथा एकिन नभएसम्म यस्ता सम्पत्तिलाई सम्पत्तिको रुपमा लेखांकन गर्ने गरिएको छैन ।

### ६. लगानी लेखाङ्कन नीति

लगानी लेखाङ्कनको सम्वन्धमा कम्पनीले वीमा समितिको निर्देशनको परिधि भित्र रहि देहाय वमोजिमको नीति अवलम्वन गरेको छ ।

(क) नेपाल सरकारको वचतपत्र वा ऋणपत्र वा नेपाल सरकारको जमानत प्राप्त ऋणपत्रमा वा पव्लिक लिमिटेड कम्पनीको वचतपत्र/ऋणपत्रमा गरिएको लगानीलाई अङ्कित मूल्य (Face Value) वा परल मूल्य मध्ये जुन घटी छ सोही मूल्यमा मूल्याङ्कन गरिएको छ।

(ख) खण्ड (क) बमोजिम गरिएको लगानीको अङ्कित मूल्य भन्दा परल मूल्य बढि भएमा त्यस्तो बढि रकमलाई स्थगन गरिएको खर्च (Deferred Expenditure) को रुपमा लेखाङ्कन गरी सो खर्चलाई त्यस्तो लगानीको अवधि भित्र समानुपातिक आधारमा (Prorata Basis) अपलेखन गर्ने गरिएको छ ।

(ग) खण्ड (क) बमोजिम गरिएको लगानीको अङ्कित मूल्य भन्दा परल मूल्य कम भएमा त्यस्तो फरक रकमलाई लगानी अवधि भित्र समानुपातिक आधारमा लगानीबाट आयको रुपमा लेखाङ्कन गर्ने गरिएको छ ।

(घ) खण्ड (क) वमोजिमको बचत पत्र वा ऋणपत्रको लेखाङ्कन गरिएको मूल्य भन्दा बजार मूल्य कम हुन गएमा त्यस्तो फरक रकम बराबरको व्यवस्था (Provision) गर्ने गरिएको छ ।

(ङ) बैंक/वित्तीय संस्थाको मुद्दती निक्षेप वा नागरिक लगानी कोषको लगानी योजनाहरुमा गरिएको लगानीलाई सांवा रकममा लेखाङ्कन गरिएको छ ।

तर त्यस्तो लगानीको म्याद समाप्ती पछि कुनै कारणवश तत्काल फिर्ता हुन नसक्ने अवस्था श्रृजना भएमा त्यस्तो लगानीलाई शतप्रतिशत व्यवस्था (Provision) गरिएको छ ।

(च) पब्लिक लिमिटेड कम्पनीको सूचिकृत शेयरमा गरिएको लगानीलाई परल मूल्यमा देखाउने र शेयरमा गरिएको लगानीको लेखाङ्कन गरिएको मूल्य भन्दा बजार मूल्य कम हुन गएमा त्यस्तो फरक रकम वरावर व्यवस्था (Provision) गर्ने नीति अवलम्वन गरिएको छ ।

(छ) पब्लिक लिमिटेड कम्पनीको संस्थापक शेयरमा लगानी गरिएको शेयर प्रचलित कानून बमोजिम धितोपत्र बजारमा सूचिकृत नभएमा देहाय वमोजिम गरिने नीति अवलम्वन गरिएको छ ।

(अ) शेयरमा लगानी गरेको पब्लिक लिमिटेड कम्पनीले कारोबार गर्ने इजाजतपत्र पाएको मितिले तीन बर्षसम्म त्यस्तो लगानीलाई परल मूल्यमा मूल्याङ्कन गर्ने गरिएको छ ।

(आ) शेयरमा लगानी गरेको पब्लिक लिमिटेड कम्पनीले कारोबार गर्ने इजाजतपत्र पाएको मितिले तीन वर्षपछि त्यस्तो लगानीलाई परल मूल्यमा देखाई सो लगानी बराबरको व्यवस्था गर्ने गरिएको छ ।

(ज) खण्ड (च) वमोजिम लगानी गरिएको शेयर प्रचलित कानून वमोजिम धितोपत्र बजारको सूचीबाट हटेमा (Delisted) सो लगानी बराबरको व्यवस्था गर्ने गरिएको छ ।

(झ) प्रचलित कानून बमोजिम कम्पनीको स्वामित्वमा नआएको वा नरहेको शेयर, बचतपत्र, ऋणपत्र वा अन्य सम्पत्तिलाई लगानीमा समावेश गरिएको छैन ।

### ७. सटही घटबढ समायोजन नीति

विदेशी मुद्रामा रहेको सम्पत्ति तथा दायित्वलाई बर्षान्तको विनिमय दरले रुपान्तर गरिएको छ। विदेशी मुद्रामा भएका कारोवारहरुको लेखांकन कारोवार मितिको विनिमय दरमा गरिएको छ । विनिमय दरबाट उत्पन्न फरकलाई नाफा नोक्सान हिसाब तथा आय व्यय हिसाबमा व्यवस्थापन खर्चको रुपमा लेखांकन गर्ने गरिएको छ ।

### ८. बीमाशुल्क आम्दानी लेखाङ्कन नीति

वीमाशुल्क नगद प्राप्तीको (Cash Basis) आधारमा लेखाङ्कन गरिएको छ। तर नगद प्राप्ति मितिभन्दा बीमाशुल्क भुक्तानी गर्नुपर्ने मिति पछि भएमा पछिल्लो मितिमा शुल्क आम्दानी जनाइएको छ । पुनर्बीमा स्वीकार गरिएको बीमाशुल्क आम्दानीलाई प्रोदभावी (Accural) आधारमा लेखाङ्कन गरिएको छ ।

### ९. पुनर्बीमा कमिशन आम्दानी लेखाङ्कन नीति

पुनर्बीमा कम्पनीबाट प्राप्त कमिशनलाई नगद प्राप्ती वा पुनर्बीमा कम्पनीबाट समर्थन प्राप्तीको आधारमा आम्दानी लेखाङ्कन गरिएको छ ।

### १०. अन्य आय लेखाङ्कन तथा वाँडफाँड नीति

बीमा समितिको निर्देशनको अधिनमा रहि लगानी, कर्जा तथा अन्यवाट भएको आयलाई सम्वन्धित वीमा व्यवसायको चालु आर्थिक वर्षमा सो वीमा कारोवार वाट भएको खूद वचतलाई त्यस वीमा व्यवसायको भार तथा कम्पनीको गत आषाढ मसान्तको नेट वर्थ (Net Worth) मा आर्थिक वर्षको सुरुको स्थगन कर जगेडा र अपलेखन गर्न वांकि लगानी प्रिमियमलाई घटाई नाफा नोक्सान हिसावको भार मानी सवै वीमा व्यवसायको आयव्यय हिसावमा वाँडफाँड गर्ने गरिएको छ ।

### ११. कर्जा लेखाङ्कन नीति

कम्पनीले प्रदान गरेको कर्जालाई असुली हुने पर्याप्त आधार सहित साँवा रकममा लेखाङ्कन गर्ने गरिएको छ ।

### १२. व्यवस्थापन खर्च वाँडफाँड नीति

वीमा समितिको निर्देशनको आधारमा व्यवस्थापन खर्चको १० प्रतिशत रकम नाफा नोक्सान हिसावमा खर्च देखाई वांकी रकमलाई सम्वन्धित वीमा व्यवसायको प्रत्यक्ष वीमाशुल्कमा अभिकर्ता कमिशन कट्टिगरि हुन आउने रकमलाई त्यस वीमा व्यवसायको भारमानी सवै वीमा व्यवसायको आय व्यय हिसावमा वाँडफाँड गर्ने गरिएको छ ।

### १३. बीमा दावी भुक्तानी खर्च लेखाङ्कन नीति

कम्पनीले दावीको लागत गणना गर्दा बीमालेख बमोजिम भुक्तानी गर्नुपर्ने रकम तथा सो दावी फछ्र्यौटको लागि आवश्यक परामर्श तथा अनुसन्धान खर्च समावेश गरी लेखाङ्कन गरिएको छ । तर बीमकको पदाधिकारी वा

कर्मचारीले गरेको कामको पारिश्रमिक र अन्य खर्च बापतको रकम समावेश गरिएको छैन ।

### १४. बीमा दावी बापत दायित्व व्यवस्था लेखाङ्कन नीति

वीमा नियमावली, २०४९ को नियम १५ (घ) अनुसार सूचित दावीको अनुमानित दायित्वमा कम्पनीको अंश तथा श्रृजना भएको तर जानकारीमा नआएको (IBNR) व्यवस्था रकमको ११५ प्रतिशतले हुन आउने रकम व्यवस्था गरिएको छ । वीमा समितिको निर्देशन अनुरुप श्रृजना भएको तर जानकारीमा नआएको (IBNR) मा सूचित दावीको अनुमानित दायित्वमा कम्पनीको अंशको ५ प्रतिशत व्यवस्था गर्ने गरिएको छ ।

### १५. खुद नाफा वाँडफाँड नीति

वीमा समितिको निर्देशन अनुरुप नाफा नोक्सान हिसाववाट देखिएको खुद नाफाको ५० प्रतिशत रकमलाई सम्वन्धित वीमा व्यवसायको आय व्यय हिसावमा देखिएको वचत रकमलाई सो वीमा सम्वन्धि भार मानी सवै वीमा व्यवसायको वीमाकोषमा वाँडफाँड गर्ने गरिएको छ। साथै नोक्सान भएको वीमा व्यवसायको हकमा सोको भार सुन्य मानि नाफा भएको वीमा व्यवसायमा मात्र नाफा वाँडफाँड गर्ने गरिएको छ ।

### १६. कर्मचारी उपदान तथा विदा बापत व्यवस्था नीति :

कर्मचारीको उपदान तथा विदा बापत व्यवस्था प्रोदभाविको (Accrual) आधारमा लेखाङ्कन गरिएको छ ।

### १७. शंकास्पद आसामी व्यवस्था नीति

पुनर्विमकहरुवाट व्यालेन्स कन्फरमेसन प्राप्त नभएको लिन पर्ने हिसाब शत प्रतिशतको हिसाबले शंकास्पद आसामी व्यवस्था गरिएको छ ।

### १८. अपलेखन खर्च लेखाङ्कन नीति

प्रारम्भिक तथा पूर्व सञ्चालन खर्चहरुलाई कम्पनी संचालन भएकै बर्षमा खर्च लेख्ने गरिएको छ। लगानी प्रिमियमलाई स्थगन खर्चको रुपममा लेखाङ्कन गरी सो खर्चलाई त्यस्तो लगानीको अवधि भित्र समानुपातिक रुपमा अपलेखन गरिएको छ ।

### १९. विगत वर्ष सम्वन्धी खर्चहरू

विगत वर्ष सम्वन्धी खर्चहरु नाफा नोक्सान वाँडफाँड हिसावमा देखाउने गरिएको छ ।

अनुसूची-२६

## वित्तीय विवरणसंग सम्बन्धित लेखा सम्बन्धी टिप्पणीहरु

१. सम्भावित दायित्वहरू

अ) चुँक्ता वा भुक्तानी हुन बाँकी लगानी - छैन ।

आ) प्रत्याभूति प्रतिबद्धता (Underwriting Commitments) - छैन ।

इ) बीमालेख अन्तर्गत भन्दा बाहेकबाट बीमक उपर दावी परेको तर बीमकले दायित्व स्वीकार नगरेको - छैन ।

ई) बीमकले वा बीमकको तर्फबाट दिइएको ग्यारेण्टी - छैन ।

उ) अन्य दायित्व - ठुला करदाता कार्यालयको अन्तिम कर निर्धारण आदेश बमोजिम रु.३८,८२,००६ (बुदा नं. १२ मा उल्लेख गरे बमोजिम) ।

२. भुक्तानी गर्न बाँकी दावी बापत दायित्व मूल्याङ्कन गर्दा अवलम्बन गरेको आधारहरू

वीमा नियमावली, २०४९ को नियम १५(घ) को व्यवस्था अनुरुप सूचित गरिएको दावीको अनुमानित दायित्वमा कम्पनीको अंशको ११५ प्रतिशतले हुन आउने रकम दावी वापत व्यवस्था गरिएको छ । सो व्यवस्थामा श्रृजना भएको तर जानकारीमा नआएका (IBNR) बीमा दावी समेतको व्यवस्था समावेश छ ।

३. बीमकको सम्पत्तिमा आएको सीमितता तथा विवादहरू - छैन ।

४. कर्जा, लगानी तथा स्थिर सम्पत्तिको लागि गरिएको प्रतिबद्धता - छैन ।

५. लगानीसंग सम्बन्धित देहायका खरिद बिक्री सम्झौताहरूको मूल्य

अ) खरिद गरिएको सम्पत्तिको स्वामित्व प्राप्त नभएको - छैन ।

आ) बिक्री गरिएको सम्पत्तिको भुक्तानी प्राप्त नभएको - छैन ।

६. यस आर्थिक वर्षभरी गरिएको लगानी तथा विक्रि फिर्ता लिएको विवरण यसप्रकार छन् ।

### (क) यस वर्षभरिको थप लगानी यसप्रकार छन् ।

| | यस बर्ष | गत बर्ष |
|---|---|---|
| वाणिज्य बैंकहरुको मुद्दती निक्षेप | ८,१२,००,००० | ८,०३,७९,८१५ |
| विकाश बैंकहरुको मुद्दती निक्षेप | १,५७,००,००० | २,३०,८२,९४२ |
| वित्त कम्पनीहरुको मुद्दती निक्षेप | १,०३,००,००० | ९०,२२,५४९ |
| राष्ट्रिय वचत पत्रमा लगानी | २,००,००,००० | - |
| नागरीक लगानी कोष (उपदान कोष) | ५३,५८,८७६ | ४४,४३,६८० |
| **जम्मा** | १३,२५,५८,८७६ | ११,६९,२८,९८६ |

### (ख) बिक्री/फिर्ता लिएको लगानीको विवरण यसप्रकार छन्:

| | यस बर्ष | गत बर्ष |
|---|---|---|
| वाणिज्य बैंकहरुको मुद्दती निक्षेप | १३,०२,००,००० | १,६३,००,००० |
| विकास बैंकहरुको मुद्दती निक्षेप | १,८२,००,००० | ६,५०,००० |
| वित्त कम्पनीहरुको मुद्दती निक्षेप | १,४४,००,००० | ३०,००,००० |
| **जम्मा** | १६,२८,००,००० | १,९९,५०,००० |

७. बैंक मौज्दात हिसाब सम्बन्धमा सम्बन्धित बैंक/वित्तीय संस्थाको हिसाब मिलान स्टेटमेन्ट सहितको व्यहोरा

सम्बन्धित बैंक र बित्तिय संस्थासंग हिसाब मिलान गरिएको छ । सवै वैंक तथा वित्तिय संस्थाहरुवाट प्राप्त स्टेटमेन्टको आधारमा हिसाव मिलान (RECONCILIATION) गरिएका छन् । नेपाल शेयर मार्केट एण्ड फाइनान्स् लि. मा रहेको मौज्दात रु. २८,७४,३०० को व्यवस्था गरिएको छ ।

८. बीमक/पुनर्बीमकसंग लिनु दिनु बाँकी हिसाब सम्बन्धमा

सम्बन्धित बीमक/पुनर्बीमकको समर्थन सहितको हिसाब मिलान प्राप्त छ । समर्थन प्राप्त हुन बाँकीको हकमा व्यवस्था गरिएको छ । हवाई वीमा अन्तर्गत Aviation Assets Management Co. Ltd, मार्फत पूनर्विमक Northern and Western Insurance Co. Ltd (NWIC) संग पूनर्विमा भएको मा पूनर्विमकले गैर कानूनी जिकिर गरि सोधभर्ना दिन ईन्कार गरेको उपरमा असुलीको लागि आवश्यक कानूनी कारवाही अगाडि वढाउन परामर्शको प्रक्रिया अघि वढाई सकेको छ । साथै सोहि दावी अन्तर्गत पूनर्विमा व्रोकर AON Global Insurance Brokers Pvt. Ltd, India को हिस्सा दावी कम्पनीलाई सोधभर्ना प्राप्त भईसकेको छ । कानूनी कारवाहीको निर्णय पश्चात् कम्पनीको पक्षमा निर्णय नभएको अवस्थामा पनि आर्थिक अवस्था मजवुत कायम राख्न वर्षको अन्तमा NWIC वाट प्राप्त हुन वांकि रु. ६,६६,२२,२९४ को पुरै रकमको खराव आसामी व्यवस्था गरिएको छ । कानूनी कार्यवाहीको निर्णय पश्चात् सोही अनुसार हिसाव मिलान गरिने छ ।

९. कम्पनीले गरेको लगानी वीमा समितिले तोकिएको क्षेत्र भित्र रहेका छन् । वीमा समितिको निर्देशन अनुसार नेपाल सरकारको वचतपत्र तथा ऋणपत्रमा लगानी क्रमशः थप गरिएको छ ।

१०. कम्पनीको संचालक वा संचालकसंग सम्बन्धित व्यक्ति वा संस्थासंग भएको कारोबार

कम्पनीको संचालक वा संचालकसंग सम्वन्धित व्यक्ति वा संस्थालाई वीमालेख जारी गरिएकोमा यस बर्ष रु. २७,०७,८३४ (गत वर्ष रु. २३,३९,८५८) विमाशुल्क प्राप्त भएको छ तथा यस बर्ष रु. १,९६,८५१ (गत वर्ष रु. ३,६५,७८४) दावी भुक्तानी गरिएको छ ।

११. कम्पनीले आफ्नो सम्पत्तिको सुरक्षणमा लिएको ऋणको धितो, शर्त तथा औचित्य

यस बर्षको अन्त्यमा कुनै तिर्न बांकि ऋण नरहेको ।

१२. कम्पनीले कर चुक्ता प्रमाणपत्र प्राप्त गरेको आ. व. तथा त्यस्तो चुक्ता प्रमाणपत्र प्राप्त हुन बाँकी आ.व. र सो सम्बन्धी विवरणका साथै अघिल्लो आ.व.हरूको कर जरिवाना ब्याज बापत दावी परेको र यस आ.व.मा भुक्तानी भएको रकम

आर्थिक वर्ष २०६१।६२ सम्मको आयकर फर्छौट भईसकेको छ । आर्थिक वर्ष २०६२।६३ र २०६३।६४ को सम्बन्धमा आर्थिक बिधेयक २०६४ दफा २७ को विशेष व्यवस्था अनुसार असमाप्त जोखिम र सुचित गरिएको दाबी बाँकी व्यवस्थाको खर्च मान्यताको लागि पुनः कर निर्धारण आदेश हुन ठुला करदाता कार्यालयमा आवश्यक निर्णयको लागि अनुरोध गरिएको छ ।

ठुला करदाता कार्यालयले आ.ब. ०६४।६५ को अन्तिम कर निर्धारण गर्दा आ. व. २०६२।६३ देखिको असमाप्त जोखिम कोष र सुचित गरिएको दाबी बाँकी व्यवस्थालाई हिसाव मिलान नगर्दा कम्पनीलाई पर्न गएको थप आयकर दायित्व रु. ३८,८२,००६ उपर कम्पनीलाई चित्त नबुझी आन्तरिक राजश्व विभागमा प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिएकोमा सो निवेदन बिचाराधीन रहेको छ ।

१३. फिर्ता गरेको बीमाशुल्कको परिमाण र कारण

यस बर्षमा रु. १,८७,३०,५२३ (गत बर्ष रु. १,३२,९७,७०९) बराबरको कुल विमाशूल्क फिर्ता गरिएको छ । विमाशूल्क फिर्ता गरेको कारणहरु यसप्रकार छन् ।

(क) विमितको अनुरोधमा विमांक रकम घटाएको ।

(ख) विमालेखमा वहन गरेको जोखिम हटाएको ।

(ग) भिषा नपाएको कारणले ट्राभल मेडिकल ईन्स्योरेन्सको विमालेख रद्द गरेको ।

१४. अपलेखन हुन बाँकी खर्च नरहको ।

१५. चुक्ता पूँजीमध्ये अग्रिम भुक्तानी प्राप्त (Paid in advance), भुक्तानी प्राप्त हुन बाँकी (Call in arrears) र जफत गरिएका तर पुनः निष्काशन नगरिएका शेयरको विवरण

- छैन ।

१६. लिज होल्ड सम्पत्तिमा गत आर्थिक वर्षसम्म र यस आर्थिक वर्ष खर्च (Amortization) लेखिएको रकमको विवरण

- छैन ।

१७. वर्षभरिमा भएको वासलात बाहिरको कारोबारको विवरण

- छैन ।

१८. अघिल्ला बर्षहरूसंग सम्बन्धित आम्दानी तथा खर्चहरूको विवरण

- ठुला करदाता कार्यालयको अन्तिम कर निर्धारण आदेश बमोजिम तिरेको कर तथा शुल्क रु. १,७१,४६४ नाफा नोक्सान वांडफाड हिसावमा खर्च लेखिएको छ ।

१९. असमाप्त जोखिम व्यवस्था

निर्जीवन बीमा व्यवसायको खुद बीमा शुल्कको ५० प्रतिशत रकम असमाप्त जोखिम व्यवस्थामा सारिएको छ । गत वर्षको यस्तो व्यवस्थाको रकम यस वर्ष आम्दानी जनाइएको छ । तर सामुद्रिक बीमा तर्फ तीन वर्ष नाघेको रकम मात्र आम्दानी जनाउने गरिएको छ ।

२०. सम्बन्धित पक्षहरू संगको कारोबार

यस कम्पनीको उच्च व्यवस्थापनमा कार्यरत अध्यक्ष, प्रबन्ध संचालक र संचालकहरु यस प्रकार छन् :

| | | |
|---|---|---|
| राज कृष्ण श्रेष्ठ | - | अध्यक्ष |
| सुवर्ण कृष्ण श्रेष्ठ | - | संचालक |
| बिक्रम कृष्ण श्रेष्ठ | - | संचालक |
| बिजित कृष्ण श्रेष्ठ | - | संचालक |
| अजय रत्न स्थापित | - | संचालक |
| सन्नी श्रेष्ठ | - | संचालक |
| माधव दास श्रेष्ठ | - | संचालक (मिति २८/१२/२०६७ सम्म) |
| नुरा कुमारी शर्मा | - | संचालक (मिति २८/१२/२०६७ देखि) |
| मंगल प्रसाद श्रेष्ठ | - | संचालक (स्वतन्त्र) |
| दशरथ लाल श्रेष्ठ | - | संचालक (स्वतन्त्र) |
| महेन्द्र कृष्ण श्रेष्ठ | - | प्रबन्ध संचालक |

मुख्य व्यवस्थापन पधाधिकारीहरूलाई प्रदान गरिएको पारिश्रामिक तथा सुविधहरूः

यस बर्ष प्रबन्ध संचालकलाई बोनस सहित रु. ३७,८७,२४९ (गत बर्ष रु. ३५,३४,६२२) भुक्तानी गरेको छ। उपरोक्त वाहेक नियुक्तीको शर्त बमोजिम निजलाई सवारी साधन तथा अन्य सुबिधाहरु कम्पनीले प्रदान गरेको छ ।

मुख्य व्यवस्थापनका पधाधिकारीसंग भएको कारोबार

कम्पनी तथा मुख्य व्यवस्थापनका पधाधिकारीहरु विच भएको कारोबारको निमित्त यस बर्ष निम्न खर्चहरु भुक्तानी गरिएको छ ।

| कारोवारको किसिम | यस वर्ष | गत वर्ष |
|---|---|---|
| बैठक भत्ताको भुक्तानी | ५,३०,५०० | २०४,५०० |
| अन्य खर्च तथा सुविधा | १,२५,००० | |

बुदा नं. १० मा उल्लेख भएका कारोबार बाहेक अन्य कुनै प्रकारको कारोबार नभएको ।

२१. बीमा सेवा शुल्क

कुल बीमा शुल्कको १ प्रतिशत सेवा शुल्क वापत बीमा समितिलाई भुक्तानी गर्ने गरी लेखाङ्कन गरिएको छ । सो शुल्क वापत पुनर्बीमकबाट अशुली भएको कट्टा गरी बाँकी प्रत्येक बीमा आय व्यय हिसाबमा खर्च लेखाङ्कन गरिएको छ ।

२२. कर्मचारी आवास सुविधा

कर्मचारी आवास सुविधा वापत रकम छुट्टाइएको छैन ।

## २३. चुक्ता पूँजीमा भएको परिवर्तन

| आर्थिक वर्ष | अधिकृत पूंजि रु | जारी पूंजि रु. | चुक्ता पूंजि रु. | कैफियत |
|---|---|---|---|---|
| २०५०/०५१ | ८,००,००,००० | ३,००,००,००० | ३,००,००,००० | |
| २०६४/०६५ | १६,००,००,००० | १२,००,००,००० | ६,३०,००,००० | ११०% ले वोनस शेयर थप भएको |
| २०६५/०६६ | १६,००,००,००० | १२,००,००,००० | १०,०८,००,००० | ६०% हकप्रद शेयर जारी भएको |

## २४. कर्मचारी वोनस व्यवस्था

यस आर्थिक वर्ष कर अघिको नाफावाट १० प्रतिशतले हुने रकम रु. १४,८२,०५० (गत बर्ष रु. ४५,६६,८७५) कर्मचारी वोनस व्यवस्था गरिएको छ ।

## २५. Profit Commission

पूनर्विमकवाट नगद वा कनफर्मेसन प्राप्त भएपछि Profit Commission आम्दानी वाध्ने गरिएको छ । यस आर्थिक वर्ष Profit Commission वापत कुनै रकम प्राप्त भएको छैन ।

## २६. स्थगन कर (Deferred Tax)

स्थगन कर सम्पत्ति र दायित्वको गणना आषाढ ३२, २०६८ को विवरण निम्नानुसार रहेको छ :

### स्थगन कर सम्पत्ति (दायित्व)

| विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|
| **स्थगन कर सम्पत्ति** (Deferred Tax Assets) | | |
| स्थिर सम्पत्ति | | |
| उपदान व्यवस्था | ५०,२५,०९१ | ४१,८९,६६७ |
| विदा वापत व्यवस्था | ७,३५,८५० | ६,८८,८६६ |
| सृजना भएको तर जानकारीमा नआएको दावीको (IBNR) व्यवस्था | ११,०५,०८१ | ९,७१,८१९ |
| शंकास्पद आसामीको व्यवस्था | २,१४,५६,२०९ | - |
| **जम्मा स्थगन कर सम्पत्ति** (Deferred Tax Assets) | २,८३,२२,२३१ | ५८,५०,३५२ |
| **स्थगन कर सम्पत्ति** (Deferred Tax Liabilities) | | |
| स्थिर सम्पत्तिमा | २,१५,८४४ | १९,८३४ |
| **जम्मा स्थगन कर सम्पत्ति** (Deferred Tax Liabilities) | २,१५,८४४ | १९,८३३ |
| **खुद स्थगन कर सम्पत्ति** | २,८१,०६,३८७ | ५८,३०,५१८ |

यस आर्थिक बर्षमा स्थगन कर सम्पत्ति रु. २,२२,७५,८६९ (गत बर्ष रु.२७,३०,९८५) ले बृद्धि भएकोले सो रकमलाई नाफा नोक्सान हिसाबमा आम्दानी जनाइएको छ । स्थगन कर सम्पत्तिको रकम रु. २,२२,७५,८६९ (गत बर्ष रु. ५८,३०,५१९) लाई नाफा नोक्सान बाडंफांड हिसाबमा खर्च लेखि स्थगन कर कोषमा सारिएको छ ।

### करयोग्य नाफा र बित्तिय नाफाको विवरण :

| विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|
| वित्तिय नाफा | १,४८,२०,४९६ | ४,५६,६८,७४५ |
| करको दर | ३०% | ३०% |
| कर खर्च | ४४,४६,१४९ | १,३७,००,६२४ |
| समायोजन : | | |
| चन्दा खर्च | ७४८ | ३,६०१ |
| अन्य खर्च | ९,८७६ | - |
| व्यवस्था फिर्ता | (८,९४,८२०) | - |
| अन्य समायोजन | (६०७२३१) | - |
| आयकर बमोजिम लागेको ब्याज | ५,११,४६७ | - |
| **जम्मा कर खर्च (स्थगन कर समेत)** | ३४,६६,१८९ | १,३७,०४,२२५ |

## २७. पैसालाई निकट्म रूपैयांमा परीणत गरी देखाइएको छ ।

## २८. गत आर्थिक वर्षको अङ्कलाई आवश्यकता अनुसार पुनः वर्गिकरण गरिएको छ ।

## २९. संचालक समितिवाट मिति २०६८।०९।१८ मा पारित भएको वित्तिय विवरणमा वीमा समितिको मिति २०६८।१२।०३ च. नं. ३४२९ को पत्रको निर्देशन अनुसार वासलात, नाफा नोक्सान हिसाव, ईक्यूटीमा भएको परिवर्तन, अनुसूची - ११, १२, १४, १५, २१, २३'क', २५, २६ र २७ मा संशोधन गरिएको छ ।

## प्रमुख सूचाङ्क

अनुसूची - २७

| क. सं. | विवरण | सूचाङ्क | आ.ब. | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २०६३/६४ | २०६४/६५ | २०६५/६६ | २०६६/६७ | २०६७/६८ |
| १ | नेट वर्थ | रु. | ९३,३२६,०३० | १००,९८४,२२३ | १५१,९६७,१०९ | १७१,३३१,६३३ | १८२,५१४,४७६ |
| २ | शेयर संख्या | संख्या | ३००,००० | ६३०,००० | १,००८,००० | १,००८,००० | १,००८,००० |
| ३ | प्रति शेयर किताबी मूल्य | रु. | ३११.०९ | १६०.२९ | १५०.७६ | १६९.९७ | १८१.०७ |
| ४ | खुद नाफा | रु. | ११,९६९,५०९ | ६,६८४,८५८ | २४,४१९,६२९ | ३१,९६४,५२४ | ११,३५४,३०७ |
| ५ | प्रति शेयर आय (EPS) | रु. | ३९.९० | १०.६१ | २४.२३ | ३१.७१ | ११.२६ |
| ६ | प्रति शेयर लाभांश (DPS) | रु. | ० | ५.२६ | १०.०० | १२.५० | ० |
| ७ | प्रति शेयर बजार मूल्य (MPPS) | रु. | २१५ | ३४५ | २८५ | २३४ | २०० |
| ८ | मूल्य आम्दानी अनुपात (PE Ratio) | अनुपात | ५.३९ | ३२.५१ | ११.७६ | ७.३८ | १७.७६ |
| ९ | खुद बीमाशूल्क/कुल बीमाशुल्क | प्रतिशत | २४.६१ | २७.७६ | ३२.३९ | ३४.२१ | ३३.१५ |
| १० | खुद नाफा/कूल बीमाशुल्क | प्रतिशत | ५.२६ | २.०८ | ६.३५ | ६.०० | २.०७ |
| ११ | कुल बीमाशुल्क/कुल सम्पत्ति | प्रतिशत | १२८.६१ | १५१.०५ | ११०.२७ | ११२.७४ | १००.६१ |
| १२ | लगानी र कर्जाबाट आय/कुल लगानी र कर्जा | प्रतिशत | ७.६८ | ५.४५ | ५.०२ | ६.८० | ११.०९ |
| १३ | पुनर्बीमा कमिशन आय/कुल पुनर्बीमाशुल्क | प्रतिशत | १५.९८ | १४.५७ | १८.८३ | १५.७७ | १६.४० |
| १४ | व्यवस्थापन खर्च/कुल बीमाशुल्क | प्रतिशत | १८.४६ | ९.३९ | ९.९५ | ८.५१ | ९.०० |
| १५ | बीमा अभिकर्ता सम्बन्धि खर्च/कुल बीमाशुल्क | प्रतिशत | ४.९० | ५.३२ | ५.९७ | ४.२९ | ३.७९ |
| १६ | बीमा अभिकर्ता संख्या | संख्या | ७० | ७३ | ८४ | १०३ | १०२ |
| १७ | कर्मचारी संख्या | संख्या | ६५ | ७५ | ८० | ९१ | ९४ |
| १८ | कार्यालयको संख्या | संख्या | ५ | ७ | ७ | ७ | ७ |
| १९ | कर्मचारी खर्च/व्यवस्थापन खर्च | प्रतिशत | ५५ | ५५ | ५४.९८ | ५९.०९ | ५६.९६ |
| २० | कर्मचारी खर्च/कर्मचारी संख्या | रु. | २४०,४६८ | २२४,८९० | २६२,६९५ | २९४,१६५ | २९९,३६८ |
| २१ | भुक्तानी हुन बांकी दावी रकम/भुक्तानी भएको दावी रकम | प्रतिशत | २१.९० | ३३.४२ | ६०.७६ | ६१.४४ | ६८.२५ |
| २२ | भुक्तानी हुन बांकी दावीको संख्या/यस बर्ष भुक्तानी भएको दावीको संख्या | प्रतिशत | ९.१७ | ६.१७ | ८.९४ | ९.९९ | ८.२६ |
| २३ | कुल कायम रहेको बीमालेखको संख्या | संख्यामा | १४२८३ | १८४०९ | २४८६४ | ४१०४७ | ३९६५४ |
| २४ | यस वर्ष नवीकरण भएको बीमालेखको संख्या/गत वर्ष कायम रहेको बीमालेखको संख्या | प्रतिशत | ३०.९६ | २८.२६ | ४१.४७ | ४०.९३ | २९.४२ |
| २५ | दावी परेको बीमालेखको संख्या/कुल कायम रहेको बीमालेखको संख्या | प्रतिशत | ६.७२ | ७.०५ | १० | १९.९६ | २६.६४ |
| २६ | सोल्भेन्सी मार्जिन | प्रतिशत | | | | | |

## बीमाङ्कको विवरण

अनुसूची-२८

रु. हजारमा

| क्र.सं. | बीमाको किसिम | कायम रहेको बीमालेखको संख्या | | कायम रहेको बीमालेख अन्तर्गत जम्मा बीमाङ्क | | पुनर्बीमकलाई जोखिम हस्तान्तरण गरिएको बीमाङ्क | | बीमकले खुद जोखिम धारण गरेको बीमाङ्क | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | यस बर्ष | गत वर्ष | यस बर्ष | गत वर्ष | यस बर्ष | गत वर्ष | यस बर्ष | गत वर्ष |
| १ | अग्नि बीमा | २,३१० | २,१०७ | ३१,८३८,४४० | ५७,६१७,४७४ | २३,६९२,२०६ | ५१,४५३,८८३ | ८,१४६,२३४ | ६,१६३,५९१ |
| २ | सामुद्रिक बीमा | १,०८४ | १,१०१ | ५,०४२,२७० | ५,४४७,१०१ | ४,४५२,४६४ | ४,६८६,८२१ | ५८९,८०६ | ७६०,२८० |
| ३ | हवाई बीमा | २ | ३ | १५,७४१,००० | ४५,०००,००० | १५,७३३,१३० | ४४,९७७,५०० | ७,८७१ | २२,५०० |
| ४ | मोटर बीमा | ३१,०४८ | ३२,८९१ | ९,७५२,८९६ | २२,३६७,२८६ | - | - | ९,७५२,८९६ | २२,३६७,२८६ |
| ५ | ईन्जिनियरिङ्ग तथा ठेकेदार बीमा | १०० | १२७ | १९,२०९,२२३ | ७,२६१,७७३ | १८,८६६,५४४ | ५,६०८,९९३ | ३४२,६७९ | १,६५२,७८० |
| ६ | विविध बीमा | ५,११० | ४,८१८ | १३१,८१८,३१३ | ११२,२५४,५५८ | १२५,८९४,४७४ | १०८,६६५,००२ | ५,९२३,८३९ | ३,५८९,५५६ |
| | **जम्मा** | ३९,६५४ | ४१,०४७ | २१३,४०२,१४२ | २४९,९४८,१९२ | १८८,६३८,८१८ | २१५,३९२,१९९ | २४,७६३,३२५ | ३४,५५५,९९३ |

# हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लि.

## आ. व.२०६३/६४ देखि आ. व. २०६७/६८ सम्मको

## तुलनात्मक वित्तीय संक्षिप्त विवरण

रु. हजारमा

| | २०६३।६४ | २०६४।६५ | २०६५।६६ | २०६६।६७ | २०६७।६८ |
|---|---|---|---|---|---|
| **वासलात** | | | | | |
| **श्रोट :** | | | | | |
| **चूक्ता पूँजी** | ३०,००० | ६३,००० | १००,८०० | १००,८०० | १००,८०० |
| **जगेडा तथा कोष** | ६८,५६६ | ३३,६४२ | ३३,६१५ | ३८,९१३ | ५०,०९५ |
| साधारण जगेडा | ३०,००० | ३०,००० | ३०,००० | ३०,००० | ३०,००० |
| पूंजिगत जगेडा | | | | | |
| विशेष जगेडा | | | | | |
| अन्य जगेडा | | | | | |
| शेयर प्रिमियम | | | | | |
| प्रस्तावित बोनस | ३३,००० | | | | |
| स्थगन कर जगेडा | | | | ५,८३१ | २८,१०६ |
| नाफा-नोक्सान हिसाब बाट सारेको | ५,५६६ | ३,६४२ | ३,६१५ | ३,०८२ | (८,०११) |
| **बीमा कोष** | ० | ३,३४२ | १५,५५२ | २८,६१९ | २८,६१९ |
| **महा बिपत्ति जगेडा** | ० | १,००० | २,००० | ३,००० | ३,००० |
| **तिर्न वांकी दिर्घकालिन ऋण तथा सापटी** | ० | ० | ० | ० | ० |
| **कुल श्रोत** | ९८,५६६ | १००,९८४ | १५१,९६७ | १७१,३३२ | १८२,५१४ |
| **उपयोग :** | | | | | |
| **स्थिर सम्पत्ति (खुद)** | ४७,००३ | ४५,१३२ | ४४,००६ | ४१,४५१ | ४६,०५१ |
| **दीर्घकालिन लगानी** | ५२,८७९ | १०४,७४१ | १७०,६९९ | २०३,४४३ | १२३,१७५ |
| **चालु सम्पत्ती कर्जा तथा पेश्कीहरु: (क)** | ९२,५७९ | ८५,७७५ | १३३,५३६ | २२७,५३८ | ३८६,४५७ |
| नगद तथा बैक मौज्दात | ७,७८९ | २९,३४७ | १४,६४४ | ११,५८५ | ३२,६४१ |
| अल्पकालिन लगानी | ३३,६०० | २४४५० | ९५,३९८ | १७९,५८३ | २३२,८३७ |
| कर्जा | | | | | |
| अन्य सम्पत्ती | ५१,१९० | ३१९७८ | २३,४९४ | ३६,३७० | १२०,९७९ |
| **चालु दायित्व तथा व्यवस्थाहरु : (ख)** | ९३,८९५ | १३४,६६४ | १९६,२७४ | ३०१,१०१ | ३७३,१६७ |
| अन्य चालु दायित्व | २८,०५४ | ४३,३०३ | ६१,०९२ | ८६,१०४ | ८५,५८१ |
| असमाप्त जोखिम व्यवस्था | ३५,५६० | ४६,५८८ | ६३,०५४ | ९२,१०० | ९२,१११ |
| भुक्तानी हुन बांकी दावी व्यवस्था | १०,५३२ | १५,७५१ | ३२,३०९ | ६८,०२७ | ७७,३५६ |
| अन्य व्यवस्था | १९,७४९ | २९,०२२ | ३९,८१९ | ५४,८७० | ११८,११९ |
| **खुद चालू सम्पत्ती (ग) = (क) - (ख)** | (१३१६) | (४८८८९) | (६२,७३८) | (७३,५६३) | १३,२९० |
| **कुल उपयोग** | ९८,५६६ | १,००,९८४ | १५१,९६७ | १७१,३३१ | १८२,५१६ |
| | | | | | |
| **वार्षिक** | | | | | |
| कुल प्रिमियम | २,१८,११२ | ३,२९,१९६ | ३८४,००४ | ५३२,६२३ | ५४८,९९३ |
| खूद प्रिमियम | ६९,५४७ | ९१,३७१ | १२४,३६४ | १८२,२२१ | १८२,००० |
| कुल दावी भुक्तानी | ५५,४३७ | ७५,६७१ | ९१,०९५ | १५८,६९० | ४०५,१२३ |
| खूद दावी भुक्तानी | ३०,१९३ | ४७,१३५ | ५३,१७७ | ७४,६२५ | ११३,३३८ |
| खूद दावी खर्च | ३५,५९९ | ५२,३५४ | ६९,७३६ | ११०,३४४ | १२२,६६७ |
| व्यवस्थापन खर्च बीमा आय सम्बन्धि | २३,६२४ | २७,८१३ | ३४,४०२ | ४०,७७३ | ४४,४६६ |
| बीमा व्यवसायमा बचत | १३,३८० | १७,३२६ | ३३,५१८ | ४४,४८० | ७२,६२३ |

| | २०६३।६४ | २०६४।६५ | २०६५।६६ | २०६६।६७ | २०६७।६८ |
|---|---|---|---|---|---|
| ब्याज आम्दानी | ५,७९८ | ६,८४४ | १३,३६८ | २५,१७८ | ३८,६०३ |
| विविध आम्दानी | ३७२ | १,०६६ | ८५१ | ८७१ | ८६२ |
| खूद नाफा (करअघि) | ११,२७५ | १२,०७८ | ३२,०७५ | ४५,६६९ | १४,६४९ |
| आयकर व्यवस्था (बिशेष शूल्क समेत) | ३,७३७ | ५,३९३ | ७,६५५ | १३,७०४ | ३,४६६ |
| मुनाफा (आयकर पछि) | ७,५३८ | ६,६८५ | २४,४२० | ३१,९६५ | ११,१८३ |
| **प्रति शेयर** | रु. | रु. | रु. | रु. | रु. |
| खूद मुनाफा | २५.१२ | १०.६१ | २४.२३ | ३१.७१ | ११.२६ |
| किताबी मुल्य | ३२८.५५ | १६०.२९ | १५०.७६ | १६९.९७ | १८१.०७ |
| लाभांश | ५.७९ | ५.२६ | १० | १२.५० | ०.०० |
| **मूख्य अनूपात** (key ratio) | % | % | % | % | % |
| वार्षिक कूल प्रिमियम वृद्धि(न्युन) | (४.०७) | ५१ | १६.६५ | ३८.७० | ३.०० |
| वार्षिक खूद प्रिमियम वृद्धि | २४.३१ | ३१.३८ | ३६.३० | ४६.५२ | (०.१२) |
| खूद दावी भुक्तानी (खूद प्रिमियमको प्रतिशतमा) | ४३.४१ | ५१.५९ | ४२.७० | ४०.९५ | ६२.२७ |
| दावी बाँकी थप घट (खूद प्रिमियमको प्रतिशतमा) | ७.७७ | ५.७१ | १३.३७ | १९.६१ | ५.१३ |
| खूद दावी खर्च (खूद प्रिमियमको प्रतिशतमा) | ५१.१९ | ५७.३ | ५६.०७ | ६०.५६ | ६७.४० |
| **कर्मचारी संख्या** | ७२ | ७५ | ८० | ९१ | ९४ |
| **व्यवसायगत** | | | | | |
| अग्नि प्रिमियम | ५४,४७८ | ६३,६३१ | ७५,४०३ | ७२,९५५ | ६१,२१८ |
| सामुद्रिक प्रिमियम | ४,७३४ | ६,३०८ | ७,५१६ | ९,३५८ | ९,९२५ |
| मोटर प्रिमियम | ५८,०४० | ७१,७५४ | ९८,६८२ | १६९,६१२ | १५८,१४२ |
| ठेकेदार, इन्जिनियरीङ प्रिमियम | १०,२३९ | १८,८०६ | २७,०२३ | १३,२२१ | २५,७६४ |
| हवाई प्रिमियम | १४,२३१ | २५,७२० | ७,०७४ | ८३,९०६ | ८१,१७४ |
| विविध प्रिमियम | ७६,३९० | १,४२,९७७ | १६८,३०६ | १८३,५७० | २१२,७७० |
| **कुल प्रिमियम** | २,१८,११२ | ३,२९,१९६ | ३८४,००४ | ५३२,६२२ | ५४८,९९३ |
| **व्यवसायगत बचत** | | | | | |
| अग्नि | ५,९३६ | २,२६७ | १७,३९२ | १६,५४५ | २१,५४८ |
| सामुद्रिक | (७७) | ४९७ | १,३८४ | १,०८६ | २,५३४ |
| मोटर | ६,४४९ | १३,१२१ | ११,५७१ | १६,७९९ | ५१,४०५ |
| ठेकेदार, इन्जिनियरीङ | (४१५) | (१७९) | १,२७६ | १,१७५ | ८८१ |
| हवाई | (४६९) | (९६१) | ३२६ | १,०५० | (८,७८५) |
| विविध | १,९५६ | २,५८१ | १,६६८ | ७,८२५ | ५,०४० |
| **कुल बचत** | १३,३८० | १७,३२६ | ३३,६१७ | ४४,४८० | ७२,६२३ |




आर्थिक वर्ष २०६७/२०६८




आर्थिक वर्ष २०६६/२०६७




गत पाँच वर्षको कुल प्रिमियम, लगानी, पुनर्वीमा, खुद प्रिमियम र मुनाफा (आयकर पछिको)




गत पाँच वर्षको व्यवसायगत बीमा प्रिमियम

बीमा समिति
BEEMA SAMITI
CHABAHIL, KA. MA. PA.-7
P.O. BOXNO. 2172, KATHMANDU, NEPAL
TELEPHONE : 4810818, 4810989, 4811057
TOLL FREE NO. : 1660-01-56789
FAX : 977-1-4810490
E-MAIL : bsib@wlink.com.np
WEBSITE : www.bsib.org.np

मिति : २०६९/०१/१२

वि.वि.शा.५०२(२०६८/६९) च.नं. ४९३८

श्री हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड,
बबरमहल, काठमाण्डौं

विषय :- वित्तिय विवरण स-शर्त स्विकृती बारे ।

यस समितिमा प्राप्त तहाँको मिति २०६८/१२/३० (१०३०।०६८।०६९)को पत्र सम्बन्धमा लेखिदैंछ ।

बीमकको वित्तीय विवरण प्रतिको उत्तरदायित्व बीमकमा रहेको सर्वविदितै छ । समितिको मिति २०६८/१२/०३ (वि.वि.शा.४३९(०६८/६९) च.नं.३४२९ को निर्देशन बमोजिम परिमार्जित भई उल्लिखित पत्रसाथ समितिको स्वीकृतिको लागि पेश भएको तहाँको आ.ब.२०६७/६८ को परिमार्जित वित्तीय विवरण देहायका शर्तहरु सहित स्वीकृत गरिएको व्यहोरा निर्णयानुसार आवश्यक कार्यार्थ अनुरोध गरिन्छ ।

१. बि.सं. २०७० साल अषाढ मसान्त सम्ममा कम्तिमा रु.२५ करोड चुक्ता पूँजी पुऱ्याउनु हुन ।
२. अब आइन्दा समितिको लगानी सम्बन्धी निर्देशनको परिधि भित्र रहि लगानी गर्नु हुन ।
३. समितिको स्थिर सम्पत्ति खरिद/बिक्रि सम्बन्धी निर्देशनको परिधि भित्र रहि स्थिर सम्पत्ति खरिद/बिक्रि गर्नु हुन ।
४. आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु हुन ।
५. लेखा परिक्षकले औंल्याइएका कैफियतहरु सुधार गर्नु हुन ।

(सन्तोष प्रसाई)
चार्टड एकाउन्टेन्ट

अ) कम्पनीको आर्थिक वर्ष २०६७/०६८ को वित्तिय विवरण अठारौ वार्षिक साधारण सभा प्रयोजनको लागि प्रकाशन गर्न वीमा समितिवाट स्विकृति प्रदान गर्दा जारी गरेको शर्तहरुको सम्वन्धमा संचालक समितिको तर्फवाट देहाय वमोजिमको जवाफ पारित गरिएको छ ।

क) वि. सं. २०७० आषाढ मसान्त सम्ममा कम्तिमा रु.२५ करोड चुक्ता पूंजी पुऱ्याउनु हुन ।
**जवाफः** वि. सं. २०७० आषाढ मसान्तसम्ममा चुक्ता पूंजी वृद्धि गर्न आवश्यक गृहकार्य शुरु गरिने छ ।

ख) अव आईन्दा समितिको लगानी सम्वन्धी निर्देशनको परिधि भित्र रहि लगानी गर्नु हुन ।
**जवाफः** कम्पनीको लगानीलाई वीमा समितिको लगानी सम्वन्धी निर्देशनको परिधी भित्र लगानी पार्ने कममा ने पाल सरकारको ऋणपत्र तथा वचत पत्रमा लगानी थप गर्दै आईरहेको छ। नपुग सम्वन्धमा नगद प्रवाहको अवस्थालाई समेत दृष्टिगत गरेर नेपाल सरकारको ऋणपत्र तथा वचत पत्रमा लगानी थप गर्दै जान व्यवस्थापनलाई निर्देशन दिईएको छ ।

ग) समितिको स्थिर सम्पत्ती खरिद र विक्री निर्देशनको परिधि भित्र रहि स्थिर सम्पत्ती खरिद र विक्री गर्नु हुन ।
**जवाफः** स्थिर सम्पत्ती खरिद र विक्री गर्दा समितिको निर्देशनको परिधि भित्र रहेर खरिद र विक्री गर्न व्यवस्थापनलाई निर्देशन दिईएको छ ।

घ) आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी वनाउनु हुन ।
**जवाफः** आन्तरिक नियन्त्रण प्रणालीलाई समय सापेक्ष सुधार गर्न व्यवस्थापनलाई निर्देशन दिईएको छ ।

ङ) लेखापरीक्षकले औल्याईएका कैफियतहरु सुधार गर्नु हुन ।
**जवाफः** लेखापरीक्षकले औल्याईएका कैफियतहरु सुधार गर्न व्यवस्थापनलाई निर्देशन दिईएको छ ।

## हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लि. को प्रवन्ध पत्र तथा नियमावलीमा संशोधन

### प्रबन्धपत्रमा संशोधन

दफा ५ कम्पनीको पूजिंको संरचना

| साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| (क) कम्पनीको अधिकृत पुंजी रु.१६००००००० (सोह्र करोड) हुनेछ । प्रति शेयर रु.१०० (एक सय) का दरले १६००००० (सोह्र लाख) कित्ता साधारण शेयर मा विभाजित गरिएको छ । | (क) कम्पनीको अधिकृत पुंजी रु.५००००००० (पचास करोड) हुनेछ । प्रति शेयर रु.१०० (एक सय) का दरले ५००००० (पचास लाख) कित्ता साधारण शेयरमा विभाजित गरिएको छ । | वीमा समितिवाट वि. सं. २०७० आषाढ भित्र पुंजि वृद्धि गर्न निर्देशन प्राप्त भएकाले । |
| (ख) कम्पनीको जारी पुंजी रु.१२००००००(वाह्र करोड) हुनेछ । प्रति शेयर रु.१०० (एक सय) का दरले १२००००० (वाह्र लाख) कित्ता साधारण शेयरमा विभाजित गरिएको छ साथै कम्पनीको चुक्ता पुंजी रु. १००८००००० (रु. दश करोड आठ लाख) हुनेछ। प्रति शेयर रु.१०० (एक सय) का दरले १००८००० (दश लाख आठ हजार) कित्ता साधारण शेयरमा विभाजित गरिएको छ | (ख) कम्पनीको जारी पुंजी रु.२५००००००० (पच्चीस करोड हुनेछ । प्रति शेयर रु.१०० (एक सय) का दरले २५००००० (पच्चीस लाख) कित्ता साधारण शेयरमा विभाजित गरिएको छ । साथै कम्पनीको हाल कायम रहेको चुक्ता पुंजि रु.१००८००००० (रु.दश करोड आठ लाख) लाई कम्पनीको आवश्यकता अनुसार सम्बन्धित निकायको निर्देशन अन्तरगत रहि चुक्ता पुंजी रु.२५००००००० (रु. पच्चीस करोड) सम्म पुऱ्याइने छ । | वीमा समितिवाट वि. सं. २०७० आषाढ भित्र कम्तीमा रु.२५ (पच्चीस) करोड चुक्ता पुंजि पुऱ्याउन निर्देशन प्राप्त भएकाले । |

### नियमावली संशोधन

नियम ६(ख)

| साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| (ख) कम्पनीको अधिकृत पुंजी रु.१६००००००० (सोह्र करोड) हुनेछ। यस मध्ये रु.१२००००००० (वाह्र करोड) जारी पुंजि हुनेछ । जारी पुंजी मध्ये कम्पनीको चुक्ता पुंजी रु.१००८००००० (रु. दश करोड आठ लाख) हुनेछ । | (ख) कम्पनीको अधिकृत पुंजी रु.५००००००० (पचास करोड) हुनेछ । यस मध्ये रु.२५००००००० (पच्चीस करोड) जारी पुंजि हुनेछ। साथै कम्पनीको हाल कायम रहेको चुक्ता पुंजि रु.१००८००००० (रु.दश करोड आठ लाख) लाई कम्पनीको आवश्यकता अनुसार सम्बन्धित निकायको निर्देशन अन्तर्गत रहि चुक्ता पुंजी रु.२५००००००० (रु. पच्चीस करोड) सम्म पुऱ्याइने छ । | वीमा समितिवाट वि. सं. २०७० आषाढ भित्र कम्तीमा रु.२५ (पच्चीस) करोड चुक्ता पुंजी पुऱ्याउन निर्देशन प्राप्त भएकाले । |

## नोटः

## HEAD OFFICE

HGI House, Babar Mahal
GPO Box 148,
Kathmandu, Nepal
Tel: 977-1 4231788, 4213014
Fax: 977-1 4241517
Email: ktm@hgi.com.np

## BRANCHES

### BIRGUNJ
Mahabir Sthan
Main Road
Tel: 051-525366
Email: brj@hgi.com.np

### KATHMANDU
Babarmal, Kathmandu
Tel: 01-4231581
Email: durbarmarg@hgi.com.np

### BIRATNAGAR
Sanimandir,Hanuman Das Road
Tel: 021-531848
Email: brt@hgi.com.np

### BUTWAL
Milan Chowk, Rupandehi
Tel: 071-622315
Email: hgibtl@ntc.net.np

### POKHARA
Ratnapuri, Pardi
Tel: 061-462100
Email: pkrhgi@fewamail.com.np

### LALITPUR
Ekantakuna, Lalitpur
Tel: 01-5001810
Email: ltp@hgi.com.np